बागमती नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

शिक्षा युवा तथा खेलकुद शाखा

कमैया, सर्लाही

मधेश प्रदेश, नेपाल ।

प.सं : २०८२/०८३

च.नं : १६२

मिति : २०८३/०१/०८

**विषय : विषयविज्ञ सुचिकृत हुने सम्बन्धमा ।**

प्रस्तुत विषयमा बागमती नगर शिक्षा समितिको मिति २०८३/०१/०३ गतेको निर्णय अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुदृढीकरण गरि सिकाइ प्रक्रियालाई प्रभावकारी बनाउनका लागि विज्ञ समुहबाट विद्यालयको अनुगमन गरि शिक्षकका लागि प्राविधिक सहयोग उपलब्ध गराउने निर्णय भएको हुँदा विद्यालय सुपरिवेक्षण तथा शिक्षकको पेसागत सहयोग प्रयोजनार्थ सामुदायिक विद्यालयमा कार्यरत तपसिल बमोजिमको मापदण्डभित्र रहि विषयविज्ञ छनोट गर्नुपर्ने भएकाले यस नगरपालिका भित्रका सम्बन्धित शिक्षकहरुबाट देहायका कागजात सहित मिति २०८३/०१/१५ गतेभित्र शिक्षा युवा तथा खेलकुद शाखामा दरखास्त पेश गर्नूहुन अनुरोध छ ।

**तपसिल :**

क. आधारभुत (प्रा.वि.र नि.मा.वि.)तह :

शैक्षिक योग्यता : सम्बन्धित विषयमा शिक्षाशास्त्र संकायमा स्नातक तह वा सो सरह उतीर्ण,

शिक्षण अनुभव : स्थायीय शिक्षकको रुपमा कम्तिमा २ वर्ष अध्यापन गरेको ।

(ख) माध्यामिक : (कक्षा ९-१२) तह :

शैक्षिक योग्यता :सम्वन्धित विषयमा शिक्षाशास्त्र संकायबाट द्धित्तीय श्रेणीमा स्नातकोत्तर तह वा सो सरह उतिर्ण ,(अन्य संकायमा स्नातकोत्तर गरेको भएमा एक वर्षे वि.एड. गरेको हुनुपर्ने )

शिक्षण अनुभव : मा.वि. तहको स्थायी शिक्षकको रुपमा कम्तिमा पनि २ वर्ष अध्यापन गरेको ।

**आवश्यक कागजातहरु :**

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

२. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि ,

३.स्थायी अध्यापन अनुमतिपत्रको प्रतिलिपि ,

४.नियुक्ती पत्रको प्रतिलिपि ,

पुनश्च :

आधारभुत तह (६-८ र माध्यामिक तहका लागि विषयगत रुपमा सूचि प्रकासन गरिनेछ ।
साथै कुनैपनि किसिमको शर्त राखि निवेदन लिइने छैन ।

(मिन प्रसाद उपाध्याय)
शिक्षा शाखा प्रमुख